# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका जिज्ञासा तथा सुझावहरु

### मिति :– २०७१।७।३० गते आईतवार

**सामान्य प्रशासन महाशाखा**

- नगरवासीसंग कर लिएपछि नगरपालिकाले मुख्य मुख्य सडकको सरसफाई पनि राम्रो संग हुनुपर्ने ।
- थुपारेको फोहोर समयमा उठाउनु पर्ने ।
- आँखा अस्पताल अगाडीको फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने ।
- लुम्बिनी सडकको गेटको छेउमा निर्माण सामाग्री हटाई यातायात तथा ठेलाहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- लुम्बिनी सडकमा फोहोरमैला व्यस्थापन राम्रो संग गर्नुपर्ने ।
- वि.पि. पथमा सडक तथा नालाको सरसफाई गरी फोहोरमैला व्यवस्थापन राम्रो संग गर्नुपर्ने ।
- फोहोर ढुवानी गर्दा ट्रेक्टरबाट फोहोर जथाभावी खसाली ढुवानी गर्ने गरेको ।
- कहिले काही फोहोर उठाउने ट्रेक्टर ट्रलीमा भरी भराउ गरी ढुवानी नगरेको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनमा निरीक्षण राम्रो संग हुनपर्ने ।
- सार्वजनिक सुनुवाईमा प्रस्तुत भएको मूल्याङ्कनको प्रस्तुतीकरण बमोजिम २५ प्रतिशत मात्र काम भएमा मात्र पनि राम्रो हुने हुँदा सोमा ध्यान दिनुपर्ने ।
- मुख्य सडकहरु सहित गल्लीहरु तथा कच्ची सडकको सफाईमा ध्यान दिनु पर्ने ।
- हाटबजार र माया देवी तरकारी तथा फलफुल बजारबाट निस्कने फोहोरलाई तत्काल व्यवस्थित हुनु पर्ने ।
- हाटबजारको भित्रपट्टी खुल्ला पिसाव गरीने हुँदा सोलाई व्यवस्थित गर्नुपर्ने ।
- भुस्याहा तथा वहुला कुकुरको व्यवस्थापन गर्नुपर्ने ।
- बेलहियालाई सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई औपचारिकताका लागी मात्र नभई बास्तविक समस्या समाधानका लागी हुनु पर्ने ।
- वार्ड नं. ८ को पुरा भागमा सरसफाईको काम हुनुपर्ने ।
- भुस्याहा कुकुर र छाडा चौपाया नियन्त्रणमा ध्यान दिनुपर्ने ।
- विगतका सार्वजनिक सुनुवाईमा उठेका विषयवस्तुहरु कतिको समाधान भए सोको जानकारी हुनुपर्ने ।
- बसडिलिवा क्षेत्रलाई प्लाष्टिक मुक्त बनाउनमा सहयोग हुनुपर्ने ।
- नगरवासीको आचरणमा सुधार हुनु पर्ने ।
- नागरिक दायित्व हामिले सुधार गर्नुपर्ने ।
- स्थानीय तहमा समितिहरु गठन गरी परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सम्पत्तिको रेखदेख तथा संरक्षण गर्नुपर्ने ।
- दरखसवा क्षेत्रमा फोहोरमैला व्यवस्थापन राम्रो हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था हुनु पर्ने ।
- वालमन्दिर छेउको सडकको सफाईमा ध्यान दिनुपर्ने ।
- सभागृह पछाडी फोहोर फाल्ने गरिएको छ त्यसलाई ध्यान दिनुपर्ने ।
- खुल्ला दिशा मुक्त अभियानको प्रगती भएको छैन त्यसमा ध्यान दिनु पर्ने ।
- नगरपालिकाको सवारी सदुपयोग हुनुपर्ने ।
- सरसफाईको विशेष अभियान शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा बढी आवश्यक रहेकोले सोमा ध्यान दिनुपर्ने ।
- राजनीति दलको परामर्शमा सार्वजनीक सुनुवाई कार्यक्रमको आयोजना गर्नुपर्ने ।
- हरेक वडामा टोल सुधार समिति गठन गरी सरसफाई अभियान सञ्चालन गर्नुपर्ने ।
- वडा सचिवहरुले निर्वाह गर्ने भूमिका प्रभावकारी नभएकोले सोमा ध्यान दिनु पर्ने ।
- प्लाष्टिकको कारणले फोहोर हुने गरेको हुँदा प्लाष्टिक मुक्त नगर बनाउनु पर्ने ।
- बसपार्कबाट गाडी छुट्ने व्यवस्था मिलाउनु पर्ने ।
- पुस्तकालयलाई बालमैत्री बनाउनु पर्ने ।

- गर्मीको समयमा पुस्तकालय अत्यधिक गर्मी भै अध्ययन अनुसन्धानमा आउने पाठकवर्गलाई असुविधा भएकोले सोमा व्यवस्थित गर्नको लागी ध्यान दिनु पर्ने ।
- सिद्धार्थ बसपार्कलाई प्रस्थान अन्तिम विन्दुको रुपमा लागु गर्नुपर्ने ।

**आर्थिक प्रशासन महाशाखा**

- सडक मर्मतमा भुक्तानी भएको रकममा छानविन गर्नुपर्ने ।
- नगरपालिकाको आन्तरिक श्रोतको तुलनामा प्रशासनिक खर्च बढी भयो भन्ने अवस्था कसरी आयो सोमा ध्यान दिनुपर्ने ।
- नगरपालिकाले विद्यालयलाई दिनुपर्ने रकम नदिएको ।
- शिक्षामा कति रकम लगानी गर्नुपर्ने हो सोको व्यवस्था गर्नुपर्ने ।
- अघिल्लो कार्यकारी अधिकृतबाट मौखिक आश्वासन पाएको रकम समेत उपलब्ध नगराईएको ।
- महिला लक्षीत बजेट कति विनियोजन भएको छ । त्यो रकम कहाँ खर्च हुन्छ सोको जानकारी हुनुपर्ने ।
- महिला लक्षित कार्यक्रम महिलाले प्रत्यक्ष फाईदा पाउने कार्यकममा उपयोग हुनुपर्ने ।
- सिप मुलक कार्यक्रम र स्वास्थ्य सुधार गर्ने कृयाकलापमा बजेट खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- रिक्सा भाडाको दर नगरपालिकाले ठाँउ ठाँउमा राख्ने व्यवस्था मिलाउनुपर्ने ।
- महिला शसक्तिकरणमा बजेटद्धारा ध्यान दिनुपर्ने ।
- लक्षीत बर्गको बजेट पिछडावर्गमा पुगेको छैन बजेट विनियोजन हुने गरेको छैन ।
- शिक्षामा पूर्वाधार विकास गर्नुपर्ने ।
- आखाँ अस्पताल अगाडी पार्किङ्गको व्यवस्था मिलाउनुपर्ने ।
- बजेट बाँडफाँडमा सवैलाई ध्यान दिनुपर्ने ।
- बसपार्क भित्र पार्किङ्ग व्यवस्थित कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्ने ।

**योजना महाशाखा**

- सवै वडामा पिच मर्मत पटक पटक गरेतापनि गुणस्तर नभएको ।
- पैसा जम्मा गरेतापनि छर्री हाल्ने काम नभएको ।
- सडक मर्मतमा भुक्तानी भएको रकममा छानविन गर्नुपर्ने ।
- १३ वटा वडामा समान विकास हुनुपर्ने ।
- वि.पि. पथ र बैंक कलोनी जोडिने सडकमा पिच र छर्रीको व्यवस्था हुनुपर्ने ।
- अव्यवस्थित पार्किङ्गलाई सुधार गर्नुपर्ने ।
- आँखा अस्पताल अगाडी सार्वजनिक शौचालय र खाने पानीको व्यवस्था गर्नुपर्ने ।
- ADB को योजना कहाँ कहाँ हुदैछ सोको जानकारी पाउनु पर्ने ।
- पुरानो सुगरमिलको जग्गामा छडपर्व मनाउने स्थलको विकास गर्नु पर्ने ।
- राजमार्ग वेलहियाबाट निर्माण गर्न पहल गर्नुपर्ने ।
- पुरानो जीप पार्कमा पुरानो शौचालय मर्मत हुनुपर्ने ।
- नारायणपथ, मैत्रीपथको मापदण्ड पुनरावलोकन गरेर विकास गर्नुपर्ने ।
- वार्ड नं. ६ र ८ को सिमानामा रहेको नाला व्यवस्थित नहुँदा जनता डुवानमा परेकोले सोमा ध्यान दिनुपर्ने ।
- सडकका खाल्टा खुल्टी पुर्नको लागी छर्रीको माँग गर्दा समेत काम नभएकोले सोमा ध्यान दिनुपर्ने ।
- चिल्ड्रेन पार्कको पुर्वतर्फ पश्चिमाञ्चल स्कुल जाने सडकमा ह्युमपाईप र ग्रेभल गर्नुपर्ने ।
- गुरुङ्ग समाज भवन अन्चलपुरमा १०० मिटर बाटोको अधुरो काम रहेकोले सोमा ध्यान दिनुपर्ने ।
- अन्नपुर्णटोल देखि उत्तर तर्फ हालसम्म छर्री हाल्ने काम नभएकोले सोको कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- बुद्धचोकमा सार्वजनिक शौचालय नभएकोले कहिले सम्म निर्माण गर्ने कार्यक्रम छ सोको जानकारी हुनुपर्ने ।
- पानीको निकास हुने गरी ढल निर्माणको बृहत योजना ल्याउनु पर्ने ।
- विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय बनाउन ध्यान दिनुपर्ने ।
- अटोभिलेजको निर्माणमा सहयोग गर्नुपर्ने ।
- अटोभिलेज सम्म जाने बाटोको निर्माण तत्काल गर्नुपर्ने ।
- वसपार्क पछाडीको नाली आखाँ अस्पताल अगाडी पुग्दा निर्माण अधुरो भएकोले सोमा ध्यान दिनुपर्ने ।
- नगर क्षेत्रमा Labour Market नभएको हुँदा सो बनाउन ध्यान दिनु पर्ने ।

- एकिकृत नगरविकास योजना कार्यान्वयनमा ल्याउन स्थानीय सरोकारवालाहरुलाई ध्यान दिनु पर्ने ।
- संरचनाहरु अपुरो भएकोले लगानीको सदुपयोग नभएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- योजना अनुगमन, मूल्याङ्कन, परीक्षण दिर्घकालीन सोचको कमी भएकोले समस्या आएको हुँदा सोमा ध्यान दिनु पर्ने ।
- निर्माण कार्य बर्षात शुरु भएपछि गर्ने परिपाटी रोकिनु पर्ने ।
- न.पा. र व्यापार संगठन विच विकास लगायतको काममा सहकार्य गरी अगाडी बढनुपर्ने ।
- सभागृहको अगाडी माटो पाटेकोले झन विग्रीएको हुँदा सोमा ध्यान दिनुपर्ने
- दिर्घकालीन योजनाको कमि देखिएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- गल्लामण्डिको बाटो राम्रो बनाउनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन,सडक, विद्युत र ग्रेभल नै यहाँका प्रमुख समस्या भएकोले सोमा ध्यान दिनुपर्ने ।
- IUDP को काम हुनु भन्दा अगावै खानेपानी, विद्युत र टेलिफोनको काम हुनुपर्ने ।
- प्राविधिकबाट कार्यालयको काममा भन्दा व्यक्तिगत काममा बढी समय दिने गरेकोले सोमा ध्यान आउनुपर्ने । लामखुट्टे नियन्त्रण गर्ने अभियान सञ्चालन गर्नुपर्ने ।
- मायादेवी तरकारी तथा फलफुल बजारको अगाडी सडकमा तरकारी बेचविखन भएको हुँदा सोलाई हटाउनुपर्ने
- सडकको पुरानो नाली सफाई गरी चालु गराउनु पर्ने ।
- हाटबजारमा ढुङ्गाहरु अलपत्र छाडिएकोले दुर्घटना हुन सक्ने हुँदा सोमा ध्यान दिनुपर्ने ।
- विगतमा बनेको २० बर्षे कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्ने ।
- २०३२ सालमा २० फिट भएको कुलो अहिले मिचेर ६ फिट भएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- अटो वर्कसपको निर्माणमा नीति बनाउनुपर्ने
- जथाभावी वर्कसप राख्न नदिने व्यवस्था मिलाउनुपर्ने ।
- सार्वजनिक संरचनाको गुणस्तरमा ध्यान दिनुपर्ने ।
- हरियाली शहरको रुपमा विकास गर्नुपर्ने ।
- डुवानको समस्यालाई अहिले देखि नै ध्यान दिनुपर्ने ।
- नारायणपथ, मैत्रीपथको नालामा ढक्कन लगाउदा नाली सफाई गरेर मात्र लगाउनुपर्नेमा सो नगरेको हुँदा समस्या आएको ।
- बसपार्क भित्र रंग रोगन तथा सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।
- बसपार्कभित्रको बिजुली वत्तिलाई पूर्ण रुपमा व्यवस्थित गर्नको लागी ध्यान दिनु पर्ने ।
- नगरपालिकाले डुवान भएको क्षेत्रमा मिस्कट छर्री हाल्नुपर्ने ।
- सञ्चालित योजनाहरुको पारदर्शिता हुनुपर्ने ।

अन्य

- सडक तथा भन्सारले पनि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।
- अस्पतालमा डाक्टरहरु नभएकोले विरामीहरुलाई समस्य परेकोले सोमा ध्यान दिनुपर्ने ।
- मातृ मृत्युदर बढेकोले सोमा ध्यान दिनुपर्ने ।
- स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- भिटामिन ए खुवाउने केन्द्र थप्नुपर्ने ।
- सिद्धार्थ राजमार्ग निर्माण हुँदा धुलो धेरै भएकोले सोमा ध्यान दिनुपर्ने ।
- लामखुट्टे झुल बाडने व्यवस्था गर्नुपर्ने ।